आज मिति २०७९।१०।२० गतेका दिन विहान ७:३० बजेको समयमा यस लम्कीचुहा नगरपालिकाका नगर प्रमुख श्री सुशिला शाही ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको १२ औं बैठक बसी तपशीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो।

## तपशील

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुशिला शाही | नगर प्रमुख | |
| २ | श्री जुना चौधरी | नगर उपप्रमुख | |
| ३ | श्री नेत्र प्रसाद खनाल | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री संतोष कुमार ओली | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री लब बहादुर शाही | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री तारा प्रसाद अधिकारी | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री माया विष्ट | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र कठायत | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भगवानदिन चौधरी | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री हरी प्रसाद चौधरी | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राम प्रसाद चौधरी | अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री हर्क बहादुर कठरिया थारु | अध्यक्ष वडा नं. १० | |
| १३ | श्री उजीर सिंह सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री सुमित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री ज्योती देवी वि.क. | कार्यपालिका सदस्य | |
| १६ | दुर्गा देवी उखेडा | कार्यपालिका सदस्य | |
| १७ | झपट सिंह वि.क. | कार्यपालिका सदस्य | |
| १८ | कोकिला देवी दमाई | कार्यपालिका सदस्य | |
| १९ | सेतु देवी कामी | कार्यपालिका सदस्य | |
| २० | दिपा देवी रावत | कार्यपालिका सदस्य | |
| २१ | शेर बहादुर बुढा | सचिव | |
| **अन्य उपस्थिति:** | | | |
| १. | माधव कुमार जैसी | अधिकृत छैठौं | |
| २. | प्रयागराज खनाल | सचिवालय प्रमुख | |

**प्रस्ताव नं. १ नगरसभा संचालन सम्बन्धमा।**

**निर्णय नं. १** प्रस्ताव नं. १ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको दशौँ नगर सभा मिति २०७९ साल माघ २२ गते आईतबारका दिन गर्ने नगरकार्यपालिकाको मिति २०७९।०९।२१ को निर्णय बमोजिम तोकिएको मितिमा नै चालु आ.व. २०७९।०८० को पौष मसान्तसम्मको प्रगति समिक्षा, आय-व्ययको साथै केहि ऐन पारित तथा संसोधन गर्ने गरि संचालन गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. २ योजनाको म्याद थप सम्बन्धमा।**

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाकोमिति २०७९।०९।२१ गतेको निर्णय बमोजिम यस नगरपालिकामा संचालनमा रहेका तपशील बमोजिका योजनाहरुको कार्य तोकिएको समयमा विभिन्न कारण देखाई सम्पन्न गर्न नसकेको भनि नगरपालिकामा निवेदन तथा आवश्ययक कागजात पेश गरेकोमा प्राविधिकको राय सिफारीसको आधारमा २०८० साल जेठ मसान्तसम्म उक्त योजनाहरु तथा निर्माण व्यवसायीको म्याद थप गर्ने निर्णय पारित गरियो।

<u>तपशील</u>

| क्र.सं. | योजनाको नाम | Bidder Name |
|---|---|---|
| १ | वडा नं. १ को विभिन्न स्थानमा सडक कालोपत्रे | Sulav & Susmita Construction Pvt. Ltd |
| २ | सि टोल पिपल चौतारा देखि बि टोल खल्ला र बसपार्क जोड्ने साथै अन्य रोड कालोपत्रे | R.D. Engineering Solution |
| ३ | झड्गा टोल हुँदै मेगाश्री कम्पनी जाने र अन्य रोड कालोपत्रे | R.D. Engineering Solution |
| ४ | श्री राष्ट्रिय नमुना मा.वि. अगाडी हाईवे गेटदेखि दक्षिण र सेरे दमाईको घरसम्म सडक कालोपत्रे | Tedi Nirman sewa Pvt Ltd |
| ५ | वडा नं. २ माईली नजार देखि वडा कार्यालयसम्म सडक कालोपत्रे | R.D. Engineering Solution |
| ६ | वडा नं. २ को विभिन्न स्थानमा सडक कालोपत्रे | Sulav & Susmita Construction Pvt. Ltd |
| ७ | वडा नं. ३ को विभिन्न स्थानमा सडक कालोपत्रे | Sulav & Susmita Construction Pvt. Ltd |
| ८ | वडा नं. ४ को विभिन्न स्थानमा सडक कालोपत्रे | R.D. Engineering Solution |
| ९ | वडा नं. ५ को विभिन्न स्थानमा सडक कालोपत्रे | R.D. Engineering Solution |
| १० | वडा नं. ६ को विभिन्न स्थानमा सडक कालोपत्रे | Piyush Nirman Sewa |
| ११ | वडा नं. ७ को विभिन्न स्थानमा सडक कालोपत्रे | Tedi Nirman sewa Pvt Ltd |
| १२ | हरदानी देखि जानकी गा.पा. को सिमानासम्म सडक कालोपत्रे | R.D. Engineering Solution |
| १३ | खेतगाउँ मलभड्गा डमरिया खानेपानी सडक कालोपत्रे | Bajranga Nirman Sewa |
| १४ | वडा नं. ८ का विभिन्न स्थानमा सडक कालोपत्रे | R.D. Engineering Solution |
| १५ | सेति लोकमार्ग देखि प्रतापपुर दक्षिण हुँदै वनवर्षा जाने सडक | Sulav & Susmita Construction Pvt. Ltd |

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | कालोपत्रे | Shree Gorakhnath Construction |
| १६ | वडा नं. १० का विभिन्न स्थानमा सडक कालोपत्रे | Dattari Construction Pvt.Ltd |
| १७ | बल्चौरमा बादी बस्ती सुरक्षित आवास निर्माण | M.K.-J.B. JV |
| १८ | बल्चौरमा बादी बस्ती सुरक्षित आवास निर्माण | Sushil Construction , Nepalgunj |
| १९ | बचैला डमरिया खानेपानी आयोजना निर्माण | BKOI BUILDERS M.P. CONSTRUCTION JV |
| २० | मोहनलाल नगर उद्यान निर्माण | Tedi Nirmaan Sewa Pvt. Ltd. Dhangadhi-02, Kaillai |
| २१ | वार्ड नो ५ ( थापापुर देखि दक्षिण् ) सडक कालोपत्रे | Tedi Nirmaan Sewa Pvt. Ltd. Dhangadhi-02, Kaillai |
| २२ | वार्ड न ६ ( गुलारा जगलाल चौधरी को घर देखि उत्तर स्वास्थ केन्द्र र बावंपुर चोरी पुर् खोला देखि उत्तर सडक कालो पत्रे वार्ड न ६ | |

**प्रस्ताव नं. ३ कार्यविधी स्वीकृत गर्ने सम्बन्धमा ।**

निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको विधेयक समितिको मिति २०७९।१०।१९ गतेको निर्णय बाट यस कार्यपालिका बैठकमा पेश हुन आएका तपशील अनुसारका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय पारित गरियो ।

**तपशिल**

१. लम्कीचुहा नगरपालिकाको आर्थिक सहायता कार्यविधी, २०७९
२. लम्कीचुहा नगरपालिकामा सामुदायिक सिकाई केन्द्रको संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९
३. लम्कीचुहा नगरपालिकाको नगर विपद राहत वितरण मापदण्ड, २०७९
४. लम्कीचुहा नगरपालिकाको छात्रवृति व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७९
५. आपतकालिन एवम जोखीम अवस्थामा रहेका महिलाहरुको संरक्षणका लागि लम्कीचुहा नगरपालिकको लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७९

**प्रस्ताव नं. ४ चिकित्सा शास्त्र अध्ययन छात्रवृति कार्यविधि संसोधन सम्बन्धमा ।**

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाद्वारा प्रदान गरिने चिकित्सा शास्त्र अध्ययन छात्रवृतिमा आवश्यक संसोधन गर्नका लागि विधेयक समितिद्वारा पेश भएको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ रकम भूक्तानी सम्बन्धमा ।**

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा आ.व. २०७८।०७९ मा कार्यान्वयन हुने गरि सडक बोर्डद्वारा विनियोजित रकम अन्तर्गत लम्कीचुहा नगरपालिका वडा नं. १, ८ र १० मा

सडक स्तरोन्नतीको कार्य गरेकोमा विविध कारणवश उक्त आ.व. मा भूक्तानी हुन नसकेको हुँदा योजनाको कार्यान्वयन सम्बन्धमा गठित अनुगमन तथा जाँचबुझ समितिले पेश गरेको प्रतिवेदन बमोजिम भूक्तानी हुन बाँकी रकम रु. ६,७४,८०७।- एस.के.एल.निर्माण सेवालाई र रु. ६,९८,००९।– मैच्याङ्ग कन्स्ट्रक्सन प्रा.लि. लाई आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत समपुरक कोष शिर्षकबाट भूक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ रोयल्टी वापतको रकम सम्बन्धमा ।**

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा संचालित सवारी साधनहरुले आर्थिक वर्ष २०७८।०७९ मा नदिजन्य पदार्थको निकासी तथा ढुवानी गरे वापतको रकम उक्त आ.व. मा ठेक्का सम्झौता भएका निर्माण व्यवसायीहरुले भुक्तानीका लागि निवेदन पेश गरेका कारण नगरपालिकाका सवारी साधनहरुले ढुवानी गरे वापत राजश्व उपशाखाबाट प्रमाणित बिल अनुसारको टिप्पणी बमोजिम रकम निवेदन पेश गरेका व्यवसायीहरुलाई भूक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ लागत साझेदारीको प्रतिबद्दता सहित सिफारिस गर्ने सम्बन्धमा ।**

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. ३ मा रहेको राष्ट्रिय मा.वि. बल्चौरमा शिशु कक्षा देखि १० कक्षा सम्म १०६२ जना विद्यार्थीहरु अध्ययन गरिरहेकोमा विद्यार्थीको चाप अनुसारको भवन अभाव रहेको कारण १८ कोठाको ३ तले पक्की आधुनिक भवन निर्माणका लागि नेपाल स्थित भारतीय राजदुतावास, काठमाडौँसंग उक्त भवन माग गर्ने गरि कुल लागत अनुमानको २० प्रतिशत यस नगरपालिकाद्वारा साझेदारी गर्ने प्रतिबद्दता सहित सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ अनुदान उपलब्ध गराउने सम्बन्धमा ।**

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. ८ मा रहेको शिवशक्ति श्रीविद्यापीठ गुरुकुल विद्याश्रमले आफ्नो नव निर्मित भवनमा आवश्यक पर्ने फर्निचरजन्य सामाग्री तथा भाँडाकुडा व्यवस्थापनका लागि रकम माग भएकोमा यस लम्कीचुहा नगरपालिकाको आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत समपुरक कोषबाट रु. ५ लाख रकम अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ ट्रान्सफर्मर र विद्युत पोल माग तथा हाईटेन्स लाईन स्थानान्तरण सम्बन्धमा ।**

निर्णय नं. ९, प्रस्ताव नं. ९ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयका लागि आवश्यक पर्ने १५० केभिए को १ थान ट्रान्सफर्मर र लम्कीचुहा नगरपालिको विभिन्न स्थानमा विद्युत आपूर्तिका लागि १०० थान विद्युत पोल अनुदान स्वरुप उपलब्ध गराईदिनका लागि नेपाल विद्युत प्राधिकरण केन्द्रिय कार्यालय र सम्बन्धित वितरण केन्द्रमा माग सिफारिस गर्ने निर्णय गरियो साथै लम्कीचुहा नगरपालिका वडा नं. ३ कर्णाली पुलचोक देखि ढुंगेबजार सम्मको नेपाल विद्युत प्राधिकरणको विस्तारित हाईटेन्सन लाईनमुनि लगभग १५० घरधुरी रहेको हुदा निजहरुको दैनिक जनजीवन समेत प्रभावित भएकोले उक्त हाईटेन्सन लाईनको स्थानान्तरणका लागि सम्बन्धीत निकायमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १० घ वर्गको ईजाजत उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा पेश हुन आएका निवेदनहरुको प्राविधिक चेकजाँच तथा आवश्यक कागजातहरुको जाँच गर्दा "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम पञ्चकोशी नेशनल जव सर्भिसेज कन्स्ट्रक्सन प्रा.लि. र ए.टी.एम बिजनेश ग्रुपलाई घ वर्गको ईजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ११ करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा।**

निर्णय नं. ११, प्रस्ताव नं. ११ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा विगत लामो समय देखि कार्यरत करार सेवा तथा दैनिक ज्यादारीमा कार्यरत कर्मचारीहरुको म्याद थप गर्नका लागि निवेदन पेश भएकोमा स्वीकृत दरबन्दी र कार्यबोझका आधारमा आवश्यक सिफारिस गर्नका लागि तपशिल अनुसारको जाँचबुझ तथा सहजीकरण समिति गठन गर्ने निर्णय गरियो।

**तपशिल**

१. लव बहादुर शाही-अध्यक्ष
२. उजीर सिंह सुनार-सदस्य
३. माधव कुमार जैसी-सदस्य सचिब

**प्रस्ताव नं. १२ तराई मधेश समृद्दी कार्यक्रम र झोलुङ्गे पुलको माग गर्ने सम्बन्धमा।**

निर्णय नं. १२, प्रस्ताव नं. १२ माथि छलफल गर्दा नेपाल सरकारबाट माग गरिए बमोजिम यस लम्कीचुहा नगरपालिका क्षेत्रमा कार्यान्वयन हुने गरि तराई मधेश समृद्दी कार्यक्रम अन्तर्गतका योजनाहरु र स्थानीय विकास पूर्वाधार विभागमा पठाउने गरि तपशिलका योजना तथा कार्यक्रम र झोलुङ्गे पुल माग गर्ने निर्णय गरियो।

**तपशिल**

| क्र.स. | झोलुङ्गे पुलको नाम | तराई मधेश समृद्दी तर्फका कार्यक्रम |
|---|---|---|
| १ | लम्कीचुहा नगरपालिका वडा नं. २ उदयपुर देखी वडा नं. १ झुङ्गा टिल जोड्ने झोलुङ्गे पुल | लम्कीचुहा नगरपालिका वडा नं. १ को पंचकोशी अधुरो भवन निर्माण |
| २ | लम्कीचुहा नगरपालिका वडा नं. ३ स्थित रानीजमराको ईन्टेक नजिक बौलाहा खोलामा झोलुङ्गे पुल | लम्कीचुहा नगरपालिका वडा नं. १ तिल्केनी देखि टिकापुर रोडसम्मको सडकमा नाला निर्माण |
| ३ | लम्कीचुहा नगरपालिका वडा नं. ६ र ४ जोड्ने जुगराम चौधरीको घर पूर्व चोरी नदिमा झोलुङ्गे पुल | नवराज तिमिल्सेनाको घरदेखी पश्चिम उत्तर हुँदै वडा नं. ४ को समिनामासम्म पक्की नाला तथा बाटो स्तरोन्नती |
| ४ | लम्कीचुहा नगरपालिका वडा नं. ८ मलभंगा र सेखुनिया शिविर जोड्ने पथरिया नदिमा झोलुङ्ग पुल | लम्कीचुहा नगरपालिका वडा नं. ३ स्थित राष्ट्रिय उच्च मा.वि. बल्चौरमा भवन निर्माण |
| ५ | लम्कीचुहा नगरपलिका वडा नं. ८ मलभंगा र | लम्कीचुहा ४ गिधिनियाको कल्भर्ट देखि भुरुहर मेडिकल |

| | | |
|---|---|---|
| | कुम्भिया जोड्ने पथरिया नदिमा झोलुङ्गे पुल | चौराहा हुँदै बसन्त सरको घरसम्म पक्की नाला निर्माण |
| ६ | लम्कीचुहा नगरपालिका वडा नं. १० चुहामा ५० शैयाको सामुदायिक अस्पतालदेखि पुर्वपट्टी तिघरी गाउँ जोड्ने पथरिया नदिमा झोलुङ्गे पुल | लम्कीचुहा नगरपालिका वडा नं. ५ मा नर्मदा नगर स्वास्थ्य केन्द्रमा प्रसुति सेवा भवन निर्माण |
| ७ | नवजागरण विद्यालय नजिन वनवर्षा र जोशीपुर गाउँपालिका वडा नं. ५ जोड्ने पथरिया नदिमा झोलुङ्गे पुल | लम्कीचुहा नगरपालिका वडा नं. ६ गुलरा बजार देखि उत्तर शंकर मान बोहराको घरदेखि पश्चिम चरैला नदिमा तटबन्धन |
| ८ | वलिको कृषि फर्म हुँदै वडा नं. ७ को वडा कार्यालय जाने बाटोमा चोरी नदिमा झोलुङ्गे पुल | लम्कीचुहा नगरपालिका वडा नं. ७ हरैयापुर श्रीकृष्ण मन्दिर देखि खरौला टावरसम्मको बाटो स्तरोन्नती |
| ९ | दुर्गौली र वडा नं. १० को तिघरी जोड्ने पथरिया नदिमा झोलुङ्गे पुल | लम्कीचुहा नगरपालिका वडा नं. ८ सुनिल स्वारको घरदेखी मलभंगा ट्रान्सफर्मरसम्म पक्की नाला निर्माण र बाटो स्तरोन्नती |
| १० | बावनपुर स्कुल नजिक वडा नम. ९ र ७ जोड्ने चोरी नदिमा झोलुङ्गे पुल | लम्कीचुहा नगरपालिका वडा नं. ९ मा रहेको प्रतापपुर स्वास्थ्य चौकीमा प्रसुती सेवा भवन निर्माण |
| ११ | लम्कीचुहा नगरपालिका वडा नं. ७ नयाँबस्ती कंचाहानको घरदेखि जानकी गा.पा. वडा नं. २ जोड्ने रोरा नदिमा झोलुङ्गे पुल | |
| १२ | लम्कीचुहा नगरपालिका वडा नं. ७ गरकटुवा देखि लम्कीचुहा नगरपालिका वडा नं. ९ जोड्ने चोरी खोलामा झोलुङ्गे पुल | |
| १३ | लम्कीचुहा नगरपालिका वडा नं. ७ वामनपुर राष्ट्रिय मा.वि. देखि लम्कीचुहा ९ वनवर्षा जोड्ने चोरी खोलामा झोलुङ्गे पुल | |
| १४ | लम्कीचुहा नगरपालिका वडा नं. ७ वामनपुर राष्ट्रिय मा.वि. देखि हरदहनी जोड्ने रोरा खोलामा झोलुङ्गे पुल | |
| १५ | लम्कीचुहा नगरपालिका वडा नं. ७ चाकावाडी नुक्लीपुरदेखी लम्कीचुहा ९ एकलघरुवा जोड्ने चोरी खोलामा झोलुङ्गे पुल | |
| १६ | लम्कीचुहा नगरपालिका वडा नं. ५ खेम खड्काको घर नजिक झोलुङ्गे पुल | |
| १७ | जनता मा.वि. लम्कीचुहा ४ नजिक चोरी खोलामा झोलुङ्गे पुल | |

**प्रस्ताव नं. १३ भगिनी सम्बन्ध कायम सम्बन्धमा ।**

निर्णय नं. १३, प्रस्ताव नं. १३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा नेदरल्याण्डमा भगिनी सम्बन्ध कायमका लागि नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई नेदरल्याण्ड भ्रमणका लागि सिफारिस गरि अनुमति माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४ जनचेतनामूलक कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।**

निर्णय नं. १४ प्रस्ताव नं. १४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका क्षेत्रमा रहेका वडा नं. १ देखि १० सम्मका सामुदायिक विद्यालयहरुमा लागु औषध दुर्व्यसनी सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गर्ने र सो का लागि आवश्यक रकम रु. २,५०,०००।– आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रमबाट उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १५ सवारी साधन खरिद गर्ने सम्बन्धमा ।**

निर्णय नं. १५ प्रस्ताव नं. १५ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालय प्रयोजनका लागि १ थान सवारी साधन आवश्यक भएको हुँदा लागत अनुमान तथा स्पेशिफिकेसन तयार गरि १ थान जिप खरिद गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १६ भू वर्गिकरणका लागि रकम विनियोजन गर्ने सम्बन्धमा ।**

निर्णय नं. १६ प्रस्ताव नं. १६ माथि छलफल गर्दा भू उपयोग नियमावलीको दफा ५ बमोजिम स्थानीय तहमा आवश्यकता र औचित्यताका आधारमा भूउपयोग क्षेत्रको वर्गिकरण तथा आवश्यक नीतिको तर्जुमाका लागि लम्कीचुहा नगरपालिकाको आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रमबाट रु. २० लाख रकम विनियोजन गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १७ नगर स्तरिय विपद व्यवस्थापन समितिको पूर्णता सम्बन्धमा ।**

निर्णय नं. १७, प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिकाको नगर विपद जोखीम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७७ को दफा २ बमोजिम नगरस्तरिय विपद व्यवस्थापन समितिको पूनर्गठनका लागि नगर कार्यपालिका र उक्त समितिका संयोजकद्वारा मनोनित गरि समितिको पुनर्गठन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १८ भूमि आयोगको नगर स्तरिय सहजीकरण समितिको पूर्णता सम्बन्धमा ।**

निर्णय नं. १८ प्रस्ताव नं. १८ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनका लागि नगर स्तरिय सहजीकरण समिति गठन गर्ने र उक्त समितिका मनोनित सदस्यहरुलाई समितिका संयोजक मार्फत मनोनयन गरि पूर्णता प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १९ नगर अनुदान शिक्षकको व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. १९ प्रस्ताव नं. १९ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको एकमुष्ठ शिक्षण अनुदान कार्यन्वयन कार्यविधी, २०७७ को अनुसूची १ बमोजिम सामुदायिक विद्यालयमा प्रा.वि. अनुदान रकम कोटा र नि.मा.वि. अनुदान रकम कोटा प्रचलित शिक्षा ऐन, नियमावली र शिक्षा तथा मानव श्रोत विकास केन्द्रको दरबन्दी मिलान तथा

व्यवस्थापन कार्यविधि, २०७६ र विद्यालयको आवश्यकताका आधारमा स्वीकृत बजेटको परिधीभित्र रहि थप नगर अनुदान कोटा विद्यालयको अवस्था अध्ययन गरि नगर शिक्षा समितिले शिक्षक कोटा वितरण गर्नका लागि अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २० शिवशक्ति श्री विद्यापिठ आश्रम भवन निर्माणका लागि रकम उपलब्ध गराउने सम्बन्धमा ।**

निर्णय नं. २० प्रस्ताव नं. २० माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. १ मा आ.व. २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार शिवशक्ति श्री विद्यापिठ गुरुकुल आश्रमको भवन निर्माणक लागि जिल्ला समन्वय समिति, कैलाली र लम्कीचुहा नगरपालिकाको साझेदारी भएकोमा आ.व. २०७८।०७९ मा पेश्कि रकम भूक्तानी भएको र उक्त आ.व.मा निर्माण कार्य सम्पन्न नभएकोमा हाल जिल्ला समन्वय समितिको रकम बाहेक यस लम्कीचुहा नगरपालिको कार्यालयबाट आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रमबाट उक्त योजनाका लागि अपुग रकम रु. २३,८५,७४९।- समपुरक कोष बाट भूक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २१ बिधेयक पारितका लागि नगर सभामा पठाउने सम्बन्धमा ।**

निर्णय नं. २१ प्रस्ताव नं. २१ माथि छलफल गर्दा **लम्कीचुहा नगरपालिकाको वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९** बिधेयक समितिबाट छलफल पश्चात पेश भएकोमा उक्त बिधेयक छलफल तथा पारितका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. २२ जग्गा उपलब्ध गराउने सम्बन्धमा ।**

निर्णय नं. २२ प्रस्ताव नं. २२ माथि छलफल गर्दा नेपाल सरकारद्वारा आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लम्कीचुहा नगरपालिकामा ५० बेडको ट्रमा सेन्टर स्थापनाका लागि रकम विनियोजन भएकोमा संघीय आयोजना कार्यान्वयन इकाई धनगढी, कैलालीको च.नं. २०६, मिति २०७९।०७।२९ को पत्र बमोजिम जग्गा उपलब्धताका लागि लेखि आएकोमा ५० बेडको ट्रमा सेन्टर स्थापनाका लागि लम्कीचुहा नगरपालिका वडा नं. १ मा रहेको शहिद स्मृति मा.वि. संगै जोडिएको लम्कीचुहा नगरपालिकाको भोगचलनमा रहेको ०-२२-० क्षेत्रफल भएको ऐलानी जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. २३ नविकरणीय उर्जा प्रविधि जडान वजेट सम्बन्धमा ।**

**निर्णय नं. २३** प्रस्ताव नं. २३ माथि छलफल गर्दा आ व २०७९/०८०को लागि संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शशर्त अनुदान) नविकरणीय उर्जा प्रविधि जडान (वायोग्यास / विदयुतिय चुलो / सुधारिएको चुलो / सौर्य उर्जा) शीर्षक अन्तर्गतको लम्कीचुहा नगरपालिकाका विभिन्न वडाको विभिन्न स्थानहरुमा सडक सौर्य बत्ति जडान गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. २४ योजना शीर्षक परिवर्तनको लागि सिफारीस गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २४** प्रस्ताव नं. २४ माथि छलफल गर्दा आ व २०७९/०८०को लागि संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शशर्त अनुदान) तराई मधेश समृद्दि कार्यक्रमको स्वीकृत योजना लम्की बहुमुखी क्याम्पसको अधुरो कम्प्लेक्स भवनमा दोस्रो तला निर्माण लम्की चुहा नगरपालिका वडा न १ को योजनालाई लम्की बहुमुखी क्याम्पसको

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

सिफारिस र प्राविधिकको राय बमोजिम दोस्रो तला थप गर्न उपयुक्त नभएकोले उक्त योजनालाई सोही क्याम्पसको सोही स्थानको भुइतलामा कम्पलेक्स भवन निर्माण गर्ने गरी शीर्षक परिवर्तनका लागि तराई मधेश समृद्धि कार्यक्रम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाडौँमा सिफारिस गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. २५ ढल निकास तथा नाला निर्माण सम्बन्धमा ।**

निर्णय नं. २५ प्रस्ताव नं. २५ माथि छलफल गर्दा शहरी खानेपानी तथा सरसफाई आयोजनाको अन्तर्गत ढल निकास तथा नाला निर्माण कार्यमा लम्कीचुहा नगरपालिकाको तर्फबाट मुल लागत अनुमानको १५ प्रतिशत रकम साझेदारी गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. २६ अपुग रकम सम्बन्धमा ।**

निर्णय नं. २६ प्रस्ताव नं. २६ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाका विभिन्न वडामा निर्माणाधिन तपशिल बमोजिमका योजनाहरुको समपुरक कोषबाट अपुग रकम थप गर्ने निर्णय पारित गरियो ।

| क्र.स. | योजनाको नाम | थप गरिएको रकम | कैफियत |
|---|---|---|---|
| १ | चन्द्रमौलेश्वर मन्दिर निर्माण लम्कीचुहा नगरपालिका वडा नं. १ | ३,००,०००।०० तीन लाख मात्र | |
| २ | चाहना नगर मरुवा लम्कीचुहा नगरपालिका वडा नं. १० | १,००,०००।०० एक लाख मात्र | |
| ३ | सुतैयाको मरुवा लम्कीचुहा नगरपालिका वडा नं. १० | १,००,०००।०० एक लाख मात्र | |
| ४ | तोरीपुरु गाउँको मरुवा लम्कीचुहा नगरपालका वडा नं. १० | १,००,०००।०० एक लाख मात्र | |

**प्रस्ताव नं. २७ नगर प्रहरी बिधेयक पारितका लागि नगर सभामा पठाउने सम्बन्धमा ।**

निर्णय नं. २७ प्रस्ताव नं. २७ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको समग्र शान्ति सुरक्षा व्यवस्थापन तथा राजस्व संकलनमा बढोत्तरी गर्ने कार्यकालागि तर्जुमा भएको **लम्कीचुहा नगरपालिकाको नगर प्रहरी विधेयक २०७९** छलफल तथा पारितका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय पारित गरियो ।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिका को कार्यालय
भक्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल